# PSP/PSO हरुसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न

वित्तीय जानकारी इकाई (FIU-Nepal) ले मिति २०७९ असार ६ गते काठमाडौं, धुम्बाराहीस्थित अकामा होटलमा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण (AML/CFT) तथा goAML System मार्फत रिपोर्टिङ्गका सम्बन्धमा इकाई, नेपाल राष्ट्र बैंक, भुक्तानी प्रणाली विभाग र भुक्तानी सेवा प्रदायक (Payment Service Provider-PSP) तथा भुक्तानी प्रणाली सञ्चालक (Payment System Operator-PSO) हरु बीच अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।




कार्यक्रममा वित्तीय जानकारी इकाई, नेपाल राष्ट्र बैंक, भुक्तानी प्रणाली विभाग, भुक्तानी सेवा प्रदायक, भुक्तानी प्रणाली सञ्चालकका साथै बैंक सुपरिवेक्षण बिभाग, वित्तीय संस्था सुपरिवेक्षण बिभाग, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण बिभाग, नेपाल सरकार, अर्थ मन्त्रालय, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, नेपाल दुरसंचार प्राधिकरण, नेपाल प्रहरी (केन्द्रीय अनुसन्धान ब्यूरो तथा साईबर ब्यूरो), नेपाल बैंकर्स संघ, डेभलेपमेन्ट बैंकर्स एसोसिएशन तथा नेपाल वित्तीय संस्था संघका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

प्रमुख अतिथि नेपाल राष्ट्र बैंक, भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक गुरु प्रसाद पौडेलज्यूले PSP/PSO हरु सारभूत रुपले FinTech कम्पनीहरु भएकाले AML/CFT सँग सम्बन्धित नयाँ Challenge हरुको समाधान पनि Technology बाटै खोज्नुपर्ने बताउनुभयो । उहाँले आगामी वर्ष पारस्परिक मूल्याङ्कनको वर्ष भएको बताउदै 'AML/CFT Focused Inspection' को आवश्यकता रहेको जानकारी दिनुभयो । त्यस्तै इकाई प्रमुख दीर्घ बहादुर रावलज्यूले सहभागीहरुलाई सक्रिय सहभागिताका लागि धन्यवाद ज्ञापन गर्दै सबै सम्बन्धित संस्था तथा निकायहरुबिचको सहकार्य तथा समन्वयले मात्र सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी रोक्न सकिने बताउनुभयो ।



कार्यक्रममा बैंकका उप-निर्देशक तथा AML/CFT का विज्ञ डा. हरि कुमार नेपालले पारस्परिक मूल्याङ्कन (Mutual Evaluation) को तयारी सम्बन्धी जानकारी दिनुभएको थियो । इकाईका उप-निर्देशक स्वरुप श्रेष्ठले 'AML/CFT issues and challenges in PSP/PSOs', भुक्तानी प्रणाली विभागका सहायक निर्देशक अस्मिता महतले 'सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी व्यवस्था' तथा इकाईका IT Engineer विवेश पोखरेलले 'STR/SAR/TTR Reporting in goAML for PSP/PSOs (Technical Session)' शीर्षकमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । इकाईका उप-निर्देशक केशव प्रसाद रिमालले स्वागत मन्तव्य दिनुभएको थियो भने सहायक-निर्देशक अमिष शर्माले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । त्यस्तै इकाईका कर्मचारीद्वय दीपक पराजुली (IT) तथा रन्जना गोतामेले कार्यक्रमको सहजीकरण गर्नुभएको थियो ।